**संघीय संसद**

**प्रतिनिधि सभा**

**महिला तथा सामाजिक मामिला समिति**

**(बैठक निर्णय-३३)**

मितिः २०८१/०३/१९ गते

प्रारम्भ: दिनको १: ०० बजे

समाप्त: दिनको २: ४५ बजे

समितिको आजको बैठक माननीय सभापति श्री किरण कुमार साहको सभापतित्वमा बसी निम्नानुसार छलफल तथा निर्णय गरियो ।

१. नेपाल बाल संगठनबाट सञ्चालित कार्यक्रम, बार्षिक बजेट तथा प्रस्तावित कार्यक्रम र चुनौती तथा समाधानका उपायहरु लगायतका विषयमा उक्त संगठनसँग छलफल गरी पुन: अर्को बैठकमा थप छलफल गर्ने निर्णय गरियो ।

२. "निर्देशन स्पष्ट पारी निकास दिने सम्बन्धमा" मिति २०८०/०५/१७ गते र "निर्णयमा छुट हुन गएको आश्रम शव्द समावेश गरिदिने सम्बन्धमा" मिति २०८१/०३/०५ गते निवेदक श्री दिवाकर बास्तोलाबाट परेको निवेदन उपर छलफल गर्दा महिला तथा सामाजिक समितिबाट मिति २०७६/०२/०९ मा भएको निर्णयमा गैर सरकारी संस्थाको रुपमा नयाँ अनाथालय वा बालगृह दर्ता नगर्न, नगराउन निर्देशन भएको देखिन्छ । उक्त निर्देशनमा गुरुकूल, विद्यापीठ तथा सो सँग सम्बन्धित आश्रमहरुको दर्ता सम्बन्धी विषय समावेश भएको देखिदैन । त्यसैले उक्त विषय खुलाई सम्बन्धित निकाय (नेपाल सरकार, गृह मन्त्रालय र निवेदक श्री दिवाकर बास्तोला) लाई पुन:पत्राचार गर्ने निर्णय गरियो ।

३. "गैर सरकारी संस्थाको सहयोग सम्वन्धमा" महासचिवबाट मिति २०८१/०३/०६ मा सबै समितिहरुलाई पत्राचार भएकोमा उक्त पत्रको विषयमा छलफल गरियो ।

४. समितिको अर्को बैठक मिति २०८१/०३/२० गते दिनको ११:०० बजे बस्ने गरी आजको बैठक यहि स्थगित गर्ने निर्णय गरियो ।

**समितिको सचिव** **सभापति**